आज मिति २०७६/१२/०९ गते बिहान ८:०० बजे बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्यज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री लिल बहादुर राउत क्षेत्री | नि. प्रमुख प्र. अधिकृत | बुद्धभूमि न.पा. | |

## मिति: २०७६।१२।०९ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : कोरोना भाइरस सम्बन्धमा ।**

**निर्णय :** विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण र भाइरसबाट हुन सक्ने संक्रमणबाट बच्नका लागि थप निम्नानुसार कार्यहरू गर्ने निर्णय गरियो ।

क) प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मी सहितको हेल्प डेक्स स्थापना गर्ने र सो को लागि आवश्यक पर्ने माक्स, स्यानिटाइजर, गन थर्मोमिटर, साबुन पानीकात्र व्यवस्था, ग्लोबहरू लगायतका सामाग्रीहरू तत्काल व्यवस्था गर्ने ।

ख) कोरोना भाइरसको संक्रमणबाट बच्ने उपाय सम्बन्धी गरिदै आएको माइकिङ्ग, पोष्टर, पम्पलेटिङ्ग एवं अनय सचेतना कार्यक्रमहरूलाई निरन्तरता दिने, साथै थप पोष्टरहरू उपलब्ध गराउने ।

ग) स्वास्थ्य संस्थाहरूबाट आवश्यक औषधीहरूको माग भै आएको हुँदा रू. ५,००,०००।- (पाँच लाख) सम्मको औषधी छैठौ नगरसभाबाट विनियोजित बजेटबाट तत्काल व्यवस्था गरि भण्डारण एवं वितरणको व्यवस्था मिलाउने ।

घ) कोरोना भाइरस संक्रमण तथा रोकथामका लागि मिति २०७६।१२।०५ गतेका समिक्षा बैठकबाट निर्णय भए अनुसार यस नगरपालिका भित्र संचालनमा रहेका साप्तिहक हाट बजार अर्को निर्णय नहुँदा सम्मको लागि बन्द गर्ने निर्णय अनुमोदन गरियो ।

ङ) यस नगरपालिका भित्र संचालन हुने गोष्ठी, सभा, सम्मेलन, एवं भिडभाड हुने कार्यक्रमहरू संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त नीति निर्देशन अनुसार गर्ने गराउने ।

च) जन सरोकारका अत्यावश्यक सेवा तथा वस्तुहरूको उपलब्ध गराउने साथै सेवा प्रदायक अन्य संघ संस्थाहरू सँग समन्वय गरी सर्वसुलभ गराउन आवश्यक पहल गर्ने ।

**प्रस्ताव नं. २ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।**

**निर्णय :** शिक्षा तथा मान स्रोत विकास केन्द्रको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरूलाई परियोजना प्रस्तावका लागि जारी भएको सुचना अनुसार यस नगरपालिकाका तपसिल अनुसारका विद्यालयहरूले निर्धारित समयमा नै परियोजना प्रस्ताव सहित सिफारिसका लागि फायल पेश गरेको हुँदा सम्बन्धित निकायमा देहायको प्राथमिकता सहित सिफारिस गरी पठाउने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्धार्थ स्मारक मा.वि. | बुद्धभूमि न.पा. १ | २५,००,०००।- | |
| २ | माध्यमिक विद्यालय महुवा | बुद्धभूमि न.पा. ६ | २५,०५,१३३।१८ | |
| ३ | जनकल्याण मा.वि. | बुद्धभूमि न.पा. ९ | २३,००,०००।- | |
| ४ | माध्यमिक विद्यालय इमिलिया | बुद्धभूमि न.पा. ९ | २५,००,०००।- | |
| ५ | ने.रा. मा.वि. रनगाई | बुद्धभूमि न.पा. ३ | २५,००,०००।- | |
| ६ | धनकौली मा.वि. धनकौली | बुद्धभूमि न.पा. १० | २५,००,०००।- | |
| ७ | भृकुटी मा.वि. बुड्ढी | बुद्धभूमि न.पा. ४ | २५,००,०००।- | |
| ८ | त्रिशक्ति आ.वि.टाँकू, बोक्टापुर | बुद्धभूमि न.पा. ३ | २५,००,०००।- | |

**प्रस्ताव नं. ३ : निर्माण कार्य सम्बन्धमा ।**

**निर्णय** : यस नगरपालिकाको पाँचौ र छैठौं नगरसभाबाट पारित योजनाहरू मध्ये रू. १०,००,०००।- (दश लाख) भन्दा माथिका योजनाहरू अनलाइनबाट-(E-bid) बाट कार्यान्वयन हुँदै आएकोमा कतिपय योजनाहरू पटक पटक E-bid गर्दा पनि आवेदन नपरेका E-bid बाट आवेदन परेका योजनाहरूमा पनि माग बमोजिमका रित नपुगेका कारण पटक पटक E-bid गर्नु पर्ने अवस्था रहेका हुँदा, यसरी ठेक्का प्रकृयामा जाँदा समय अभावका कारण कार्यान्वयनमा ढिलाई हुने हुँदा योजनाहरूको अवस्था र प्रकृतिका आधारमा ~~[illegible] योजनाहरू~~ उपभोक्ता समितिबाट कार्यान्वयन गराउने र उपभोकता समितिबाट हुन नसक्ने अन्य योजनाहरू प्रकृया अनुसार पेपर Bid बाट समेत कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : 'घ' वर्गको इजाजत पत्र सम्बन्धमा ।**

**निर्णय** : यस नगरपलिका वडा नं. १ निवासी प्रोपाइटर दिपेश कुमार श्रेष्ठले 'घ' वर्गको निर्माण व्यवसायी इजाजतका लागि निवेदन पेश गर्नु भएकोमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा २ बमोजिम गठित छानविन समितिको प्रतिवेदन एवं सोही दफाको उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको सिफारिस बमोजिम कार्यविधिको दफा (४) बमोजिम निजलाई श्री श्रेष्ठ निर्माण सेवा बुद्धभूमि न.पा.-१, कपिलवस्तु का नाममा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : विपद व्यवस्थापनको खर्च अनुमोदन सम्बन्धमा ।**

**निर्णय** : यस नगरपालिकाको पाँचौ नगरसभाबाट विपद व्यवस्थापन शिर्षकमा छुट्याइएको रकमबाट मिति २०७६।१२।०४ गते देखि २०७६।१२।०७ सम्म सञ्चालन भएको विपद् प्रतिकार योजना तथा तालिम कार्यक्रमको खर्च रू. ५५,०००।- (पचपन्न हजार ) र कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि चाहिने अत्यावश्यक सामग्री एवं सचेतना कार्यक्रम सञ्चालन बापत रू. २,४९,३००।- (दुई लाख उन्नपचास हजार तीन सय मात्र) खर्च अनुमोदन गरियो ।

**प्रस्ताव नं. ६ : नगर शिक्षा समितिमा महिला सदस्य मनोनयन सम्बन्धमा ।**

**निर्णय** : बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६ को परिच्छेद २ को दफा १० को (च) मा व्यवस्था भए बमोजिम नगर शिक्षा समितिमा नगर कार्यपालिका सदस्य श्री कमला चौधरीलाई मनोनयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : सर्पदंश कार्यविधि सम्बन्धमा ।**

**निर्णय** : यस नगरपालिकाको वडा नं. २ गोरूसिगेंमा सञ्चालित कपिलवस्तु सर्पदंश उपचार केन्द्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि सञ्चालन एवं व्यवस्थापन कार्यविधि २०७६ को मस्यौदा तयार गरी आम सरोकार गराई प्राप्त राय सुझावका आधारमा तयार पारिएको कपिलवस्तु सर्पदंश उपचार केन्द्र सञ्चालन एंव व्यवस्थापन कार्यविधि २०७६ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : कार्यालयको प्रशासकीय भवन सम्बन्धमा ।**

**निर्णय** : यस नगरपालिकाको प्रशासकीय भवनका लागि छैठौं नगरसभाबाट रू. २५,००,०००।- (पच्चीस लाख) विनियोजन भएकोमा कर्मचारी समायोजन तथा लोक सेवा बाट पदपूर्ति भै आएका कर्मचारीहरूको बसाई व्यवस्थापनमा स्थान अभावका कारण समस्या देखिएको हुँदा छिटो छरितो एवं गुणस्तरीय रूपमा कार्य गर्नका निम्ति कार्यालय रहेको वडाबाट उपभोक्ता समिति गठन गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

बहादुर

कौशल कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ९ : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

**निर्णय :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाउने उल्लेख भए बमोजिम यस नगरपालिकाबाट हाल सम्म एन.एम.बी. बैंक गोरूसिगें र NIC Asia बैंक इमिलियाबाट सेवा संचालन गरिएकोमा वडाहरूको राय साथै सेवाग्राहीहरूको माग बमोजिम सामाजिक सुरक्षा भत्ता निम्न वडाहरूको तपसिलका बैंकहरूबाट कारोबार सञ्चालन गरिने सेवा सुविधा दिने निर्णय गरियो ।

१. NMB बैंक गोरूसिगें, वडा नं. १ र २
२. कामना सेवा विकास बैंक गोरूसिगें - वडा नं. ३
३. राष्ट्रिय वाणिज्य बैंक चार नं. शाखा - वडा नं. ४ र ६
४. सांग्रीला विकास बैंक गोरूसिगें - वडा नं. ५
५. लक्ष्मी विकास बैंक गोरूसिगें - वडा नं. १०
६. NIC एसिया बैंक इमिलिया - वडा नं. ७, ८ र ९

**प्रस्ताव नं. १० : एक गाउँ एक पोखरी कार्यक्रम सम्बन्धमा ।**

**निर्णय :** आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम एक गाउँ एक पोखरी कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडाबाट सार्वजनिक पोखरी निर्माण साथै मर्मत संम्भार गरी पोखरीहरूको सुन्दरीकरणको लागि बढीमा दुई पोखरीको सिफारिस माग गरी प्रत्येक वडा मा रू. ५,००,०००।- (पाँच लाख) विनियोजन गरी कार्यान्वंयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : व्यवसाय कर सम्बन्धी कार्यविधि- २०७६ सम्बन्धमा ।**

**निर्णय :** नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरूको दर्ता, नवीकरण, नियमन र खारेजी तथा वर्गीकरण सम्बन्धी विषयमा प्रक्रियागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय कर लाई व्यवस्थित एवं प्रभावकारी रूपमा कार्यान्वयन गर्न व्यवसाय कर सम्बनधी कार्यविधि- २०७६ पारित गरी लागू गर्ने गरियो ।

**प्रस्ताव नं. १२ : सिफारिस सम्बन्धमा ।**

**निर्णय :** यस नगरपालिका वडा नं. २ स्थित श्री गौतम बुद्ध माध्यमिक विद्यालय गोरूसिगेंको च.नं. १४८ मिति २०७६।११।१५ को प्राप्त पत्रानुसार उक्त विद्यालयको साविक जयनगर गा.वि.स. वडा नं. ७ हाल बुद्धभूमि नगरपालिका वडा नं. २ गोरूसिगें स्थित कित्ता नं. १२३ क्षेत्रफल ०-३-१० (तीन कठ्ठा दश धुर) जग्गा मध्ये पश्चिम उत्तर तर्फ ०-०-१३ (तेह धुर) जग्गा बिक्री वितरणको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन बुद्धभूमि नगरपालिका वडा नं. २ को वडा कार्यालयको सिफारिस र वि.व्य.स. को निर्णय सहित पेश गरेको हुँदा नियमानुसार बिक्री वितरणका लागि विद्यालय सम्पत्ति संरक्षण समिति कपिलवस्तुमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : खाजा घरको म्याद थप सम्बन्धमा ।**

**निर्णय :** यस नगरपालिकाको प्रशासकीय भवनको हाता भित्र सञ्चालनमा रहेको खाजा घरको (क्यान्टिन) सञ्चालक - अर्घाखाँची जिल्ला पाणिनी गाउँपालिका वडा नं. ३ का सञ्चालक रमेश क्षेत्रीले सञ्चालन अवधि थप गरी पाउँ भनी मिति २०७६।११।१८ मा निवेदन पेश गरेको हुँदा कोरोना संक्रमणका कारण भाडा लगाउन तत्काल सूचना प्रकाशन गरी प्रकृया बढाउन अनुकुल नभएको हुँदा २०७७ आषाढ मसान्त सम्मका लागि करार अवधि थप गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख